# वीरेन्द्रनगर नगरपालिका

# भाडामा र आकस्मिक सेवामा संचालन हुने मेसिनरी औजार तथा सवारी साधनहरुको संचालन विनियमावली, २०७५

हस्ताक्षरः

मितिः २०७५।१०।२०

नामथरः देव कुमार सुवेदी

पदः नगर कार्यपालिका प्रमुख

**वीरेन्द्रनगर नगरपालीका, सुर्खेत ।**

# भाडामा र आकस्मिकसेवामा संचालन हुने मेसिनरी औजार तथा सवारी साधनहरुको संचालन विनियमावली, २०७५

**प्रस्तावना**

वीरेन्द्रनगर नगरपालिका कार्यालय, सुर्खेतमारहेका मेसिनरी औजारहरुव्याक हो लोडर,टिप्पर, दमकलजस्ता हेभी सवारी साधनहरुकोसंचालन, परिचालन, व्यवस्थापन एवं काम कारवाहिमा कार्यकुशलता र प्रभावकारीता अभिवृद्धी गर्ने प्रयोजनका लागि तथा लापरवाही, हिनामिना मनोमालिन्य,स्वईच्छाचारीता अन्त्य गरी साधनहरुको दिगो परीचालन तथा व्यवस्थापन गर्न वीरेन्द्रनगर नगरपालिकाको मिती २०७५/१०/१८ को निर्णय अनुसार यो विनियमावली स्वीकृत गरी लागू गरीएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

क. यस विनियमावलीको नाम “भाडामा रआकस्मिकसेवामा संचालन हुने सवारी साधन तथा मेसीनरी औजारउपकरणहरुको संचालन विनियमावली २०७५” रहेको छ ।

ख.यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा:-

क. “व्याक हो लोडर” भन्नाले विकास निर्माण सम्वन्धी काम गर्ने हेभी मेशिनरी उपकरणलाई जनाउंछ ।

ख. “धरौटी” भन्नाले कुनै काम नसकिएसम्म जमानत वापत राखिएको रकमलाई जनाउछ ।

ग. “वारुणयन्त्र” भन्नाले आगलागी नियन्त्रण गर्ने हेभी मेसिनरी उपकरणलाई जनाउछ ।

घ. “टिप्पर” भन्नाले मालसामान ढुवानी गर्ने, निर्माण कार्यमा प्रयोग आउने, सरसफाई तथा फोहरमैलाव्यवस्थापनमा प्रयोग हुने,दैवि प्रकोपमा प्रयोग हुने हेभि सवारी साधनलाई वुझाउछ ।

ङ“ठूला मेसिनरी उपकरण” भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुरयाउने प्रकृतिका ठुला मेसिनरी उपकरण र श्रममुलक प्रविधिलाई विस्थापित गर्ने खालका मेसीनरी तथा उपकरण सम्झनु पर्छ ।

### ३. विनियमावलीको उद्देश्यः-

यस विनियमावलीको उद्देश्यदेहाय वमोजिम हुनेछ ।

क. नगरपालिकाका सवै प्रकारका भाडामा तथा आकस्मिक सेवामा संचालन हुने मेसिनरी औजार, हेभीतथा हल्का सवारी साधनलाई उद्धेश्यमुलक, उत्तरदायी र जवाफदेहीपूर्वक संचालन गर्ने पद्धती निर्माण गर्नसघाउ पुऱ्याउने ।

ख.नगरपालिकाका सवै प्रकारका भाडामा जाने तथा आकस्मिक सेवामा संचालन हुने मेशिनरी औजार,हेभी सवारी साधन तथा हल्का सवारी साधनलाई मितव्ययी, पारर्दशी तरीकाले संचालन गरी नगरपालिकाको आन्तरिकआम्दानी वृद्धी गर्ने तथा जनतालाई अत्याधिक मात्रामा सेवा दिई नगरपालिका प्रति जनताको अपनत्व वृद्धी गर्ने ।

ग.आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउने ।

घ.नगरपालिकाको संस्थागत क्षमता विकास,आयोजना व्यवस्थापन र वित्तिय अनुसाशन कायम गर्ने

ङ.मेशिनरी औजार,हेभि सवारी साधन तथा हल्का सवारी साधन संचालन तथा व्यवस्थापन समितिलाई उल्लेखित साधनहरु प्रति अझ वढी जिम्मेवार रउत्तरदायी वनाउने ।

च. मेशिनरी औजार,हेभि सवारी साधन तथा हल्का सवारी साधनहरुलाई कुशलता पूर्वक संचालन गरी दीर्घकालिन रुपमा प्रयोगमा ल्याउने ।

### ४. विनियमावलीको कार्यक्षेत्र :-

नगरपालिकामा आकस्मिक सेवामा संचालन हुने मेशिनरी औजार,हेभी सवारी साधन तथा हल्का सवारी साधनलाई नगरक्षेत्र भित्र संचालन हुने नगरस्तरिय योजना तथा वडा स्तरीय योजनाहरुमा प्रयोग गर्न वडा कार्यालयको सिफारीसको आधारमा प्रयोग गर्न पहिलो प्राथमिकता दिईनेछ ।नगरपालिकाका हेभी तथा हल्का सवारी साधनहरुको व्यवस्थापन, संचालन, मर्मत संभार तथा परिचालन गर्ने सम्म मात्र यस विनियमावलिको कार्यक्षेत्र हुनेछ ।

## परिच्छेद-२

### ५. व्याक हो लोडर तथा टिप्पर संचालन तरीका :-

क. नगरपालीका,वडा कार्यालयको सिफारीसको आधारमा सार्वजनिक कार्यका लागी भाडामा लिन चाहने उपभोक्ता समिति, संघ, संस्थाले नगरसभा वा कार्यपालिकावाट स्वीकृत दररेटमा अग्रीम रुपमा नगरपालिकाले तोकेको खातामा रकम जम्मा गर्नु पर्ने छ ।

ख.अग्रीम रकमलाई धरौटीको रुपमा नगदै वा रा.वा वैक सुर्खेतको तोकिएको खातामा तोकिएको समय अनुसारको भाडा रकम जम्मा गरेको हुनुपर्नेछ र तोकिएको समयावधिको कार्य समय समाप्त भएपछिको रकमको नगदी रसिद कार्यालयले उपलव्ध गराउने छ ।

ग. नगदै रकम जम्मा गरेको वा वैकमा रहेको तोकिएको खातामा जम्मा गरेको रकमले तोकिएको समयावधी भन्दाकम काम भए कार्यालयले कामको परिमाण अनुसारको दरको रकम कट्टा गरी वांकि रकम फिर्ता गर्नुपर्नेछ ।

घ. यदि जम्मा भएको रकमवाट तोकिएको समयावधी भन्दा वढी परीमाणको काम हुने भएमा व्याक हो लोडर तथा टिप्परले कार्य प्रकृया अगाडि वढाउन वाध्य हुने छैन ।तर कार्यालयमा आई वा कार्यालयको प्रतिनिधि वा सम्बन्धित सवारी चालकलाई वुझाएमा कार्य प्रकृया अगाडि वढाउन सकिनेछ ।तर सो कुराको जानकारी कुनै पनि संचारको माध्यमवाट तुरुन्त कार्यालयलाई गराउनु पर्ने छ । यदि कार्यालयको अनुमति नलिई चालकले कार्य प्रकृया अगाडि वढाएमा चालकवाटै सरकारी वांकी सरह असूल उपर गरी चालकलाई विभागिय कारवाहि गरीनेछ ।

ङ. व्याक हो लोडर तथा टिप्पर भाडामा लिन चाहने उपभोक्ता समिति, संघ, संस्थाले भाडामा लिंदा समय गणनावीरेन्द्रनगर नगरपालिका कार्यालय वा व्याक हो लोडर तथा टिप्पर रहेकै स्थानवाट गरी भाडादर गणना गरीने छ ।

च.यदी नगरपालिकाको कोषवाटै हुने विकास निर्माण कार्यको हकमा उपभोक्ता समिति, संघ, संस्थाले कार्य संचालन गर्दा नगरपालिकाले निजको विलवाट कट्टा हुने गरी व्याक हो लोडर तथा टिप्पर उपलब्ध गराउन सक्नेछ । तर अग्रीम नगदै वा वैक जम्मा गर्ने उपभोक्ता समिति, संघ, संस्थालाई विषेश प्राथमिकता दिईनेछ ।

छ.व्याक हो लोडर तथा टिप्पर भाडामा लिने उपभोक्ता समिति, संघ, संस्थाले व्याक हो लोडर तथा टिप्पर भाडामा लिने स्थान देखी नै इन्धन खर्च व्यर्होनु पर्ने छ ।

ज.व्याक हो लोडर तथा टिप्परको आन्तरिक खाता वेग्लै हुनेछ । उक्त खातामा उक्त मेशिनले कार्य गर्दा प्राप्त हुने भाडा रकमलाई जम्मा गरीनेछ । खाताप्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

झ. चालकले प्रत्येक घण्टाको लगवुक तयार गर्नु पर्ने छ ।कार्य स्थलमा काम गर्दा वढी काम गरी कम काम देखाई वा तोकिएको भन्दा वढी काम गरी कुनै तरीकाले कुनै कर्मचारी तथापदाधिकारी,उपभोक्ता समिति, संघ, संस्थाको यस विनियमावलीको भावना र मर्म विपरीत हुने गरी प्रलोभन,मोलाहिजा, भनसुन,तथा कसैको डरधम्की धाकमा परी कसैलाई संचालन गर्न दिए उल्लेखित कार्यलाई गम्भिर अपराध मानि प्रचलित कानुन बमोजिम निजलाई कारवाही गरिनेछ । तर नगरप्रमुख, उप-प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले सार्वजनिक सरोकारका विषयमा जुनसुकै समयमा काममा  खटाउन सक्नेछन् ।

ञ.  नगरपालिकाले सवै सवारी साधन तथा मेसिनरी औजारहरुको अनिवार्य रुपमा विमा वनाउनु पर्ने छ।

ट.नगरपालिकामा एक व्याक हो तथा टिपर संचालन कोष रहने छ उक्त कोषवाट तपशिलका वमोजिमकाशिर्षकहरुमा रकम खर्च हुने छ ।

१.सवारी चालक र सहयोगीलाई दिइने तोकिएअनुसारको तलव भत्ता रकम ।

२.ईन्धन खर्च ।

३.मेशिनरी औजार, उपकरण,पाटपूर्जाको मर्मत तथा खरिद खर्च ।

४.मेसिन संचालन गरेवापत नेपाल सरकारलाई तिर्नु पर्ने कर रकम ।

५.नगर कार्यपालिका तथा नगर सभाले निर्णय गरे अनुसारका शिर्षकहरुमा खर्च हुने रकम ।

६. मेशिन संचालन गर्दा आईपर्ने विविध तथा भैपरी खर्च ।

## परिच्छेद-३

**६. वारुण यन्त्र संचालन तरिका**

क० यस नगरपालिकामा आगलागी नियन्त्रण गर्न एक थानवारुण यन्त्र रहेको छ । उक्त वारुण यन्त्र यस नगरपालिका कार्यालयमा रहने छ ।वारुण यन्त्रसंचालन गर्न एक कोष रहने छ। सो कोषमा तोकिएअनुसारका रकम जम्मा हुने छन् सोही कोषवाट वारुण यन्त्र चालक तथा सहयोगी कर्मचारीहरुको तलव भत्ता लगायतका खर्चहरु तथा मर्मत संभार खर्च,इन्धन लगाएतकाअन्य खर्च व्यहोरिने छन् ।

ख० कुनै स्थानमा अकस्मात आगलागी हुन गएमा यस कार्यालयको ०८३-५२०१४४,५२१२९३, ५२०७५०,१०१ तथा प्रहरी कन्ट्रोल १०० नंम्वर टेलिफोनमा सम्पर्क गर्न सकिनेछ ।

ग० आगलागी नियन्त्रण गर्ने कार्यमा १ जना वारुण यन्त्र चालक र आवश्यक संख्यामा आगो नियन्त्रकहरु रहने छन्।

घ० वारुण यन्त्र सेवालाई अझ व्यवस्थित सरल तथा ब्यवहारिक बनाउन एक संचालक समिति रहने छ । संचालक समितिलेवारुण यन्त्रको कामकारवाहीलाई नियमन तथा व्यवस्थापन गर्ने छ।

ङ० संचालक समितिको काम कारवाहीलाई मर्यादित व्यवस्थित गर्न आवश्यकता अनुसार वैठक वस्नेछ ।

च० वारुण यन्त्र संचालन गर्नको लागि एक कोष रहनेछ ।उक्तकोषमा तपशिल वमोजिमका निकायवाट रकम प्राप्त हुनेछ ।

१.नगरपरिषदवाट वारुण यन्त्र संचालन कोषमा रकम विनियोजन गर्ने भनि निर्णय भए वमोजिमको रकम ।

२ जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाले वारुण यन्त्र संचालनकोषमा निकाशा गरेको रकम ।

३ नेपाल सरकार संघीय मामिला तथा सामान्यप्रशासन मन्त्रालयवाट प्राप्त हुने रकम ।

४ जिल्ला दैवि प्रकोप संचालन कोषवाट प्राप्त हुने रकम ।

५ चन्दा सहयोग तथा आर्थिक सहायतावाट प्राप्त हुने रकम ।

६ सोही जिल्ला तथा छिमेकी जिल्लाका सरकारी,गैर सरकारी,निजि क्षेत्रवाट प्राप्त हुने रकम ।

## परिच्छेद-४

**७. व्याक हो लोडर, टिप्पर,दमकल संचालन समिति देहाय वमोजिम गठन हुनेछ ।**

| | |
|---|---|
| क पूर्वाधार विकास समिति संयोजक | संयोजक |
| ख प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत | सदस्य |
| ग आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| घजिन्सी शाखा प्रमुख | सदस्य |
| ङराजश्व शाखा प्रमुख | सदस्य |
| चयोजना शाखा प्रमुखसदस्य | सचिव |

## परिच्छेद-५

### ८. संचालक समितिको काम कर्तव्य अधिकार

क० भाडामा संचालन हुने सवारी साधनहरुको माथी उल्लेखित प्रावधानहरुको परिधि भित्र उपभोक्ता समिति, संघ, संस्थाहरुलाई भाडामा सवारी साधनलाई उपलव्ध गराउने ।

ख० सवारी साधनहरुको मर्मत संभार तथा नयाँ पाटपुर्जा थप गर्नुपर्ने भए सञ्चालक समितिले निर्णय गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत  कार्यपालिका समक्ष पेश गर्ने ।

ग० संचालक समितिको वैठक आवश्यकता अनुसार वस्नु पर्ने छ । उक्त वैठकमा प्रत्येक सवारी साधनहरुको अवस्था, वस्तुस्थिती र आय व्यय समेतको समिक्षा गरी प्रमुख प्रशासकीय अधिकृत लाई जानकारी गराउने ।

घ० वैठकको गणपुरक संख्या दुई तिहाई हुनेछ । दुई तिहाई सदस्यको निर्णय मान्य हुनेछ ।

ङ० वैठक संचालन हुंदा उक्त कोषवाट सामान्य चिया नास्ता तथा स्टेशनरीको खर्च वाहेक अन्य खर्च गरिने छैन ।

च० समितिले वैठकमा नगर प्रमुख, नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कानुनी सल्लाहकार, तथा आवश्यक ठानेका अन्य प्रतिनिधिहलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

छ० मेशिनहरुको दररेट प्रचलित वजारमुल्यलाई आधार मानी कार्यपालिका तथा नगर सभाबाट निर्धारण गरिने छ ।

ज० बैठक संचालन सम्वन्धि कार्यविधि प्रचलित कानुन वमोजिम हुनेछ ।

झ० यस कार्यालयका हेभी सवारी साधनहरुको सवारी चालकको कार्यविवरण मौजुदा जनशक्तीबाटै परिचालन हुने गरी कार्य विवरण दिने सम्बन्धमा कार्य प्रकृया अगाडी वढाउने ।

## परिच्छेद-६

### ९. भाडामा संचालन हुने सवारी साधनहरुको कार्यक्षेत्र निम्नानुसार हुनेछ ।

क० व्याक हो लोडर : विकास निर्माण लगायत अन्य दैवि प्रकोप

ख० टिप्पर :विकास निर्माण तथा फोहरमैला व्यवस्थापन तथा दैवि प्रकोप

ग० बारुण यन्त्र : आगलागी नियन्त्रण तथा अन्य आवश्यक काममा ।

## परिच्छेद-७

### १०. विविध

क.  निर्देशिकाको पालना :

नगरपालिकाले यस निर्देशिकाका प्रावधानहरुको अतिरिक्त वजेट अख्तियारीमा तोकिएका शर्तहरु, मन्त्रालयवाट गरिएका परिपत्र एवं निर्देशन र निर्देशिकामा उल्लेखित प्रावधानहरुको समेत पालना गर्नु गराउनु पर्नेछ ।

ख.थपघट वा हेरफेर गर्न सक्ने :

यस निर्देशिका कार्यान्वयनका शिलशिलामा कुनै वाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले यस निर्देशिकामा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## परिच्छेद-९

### ११. खारेजी र वचाउ

क. यस अघि यस कार्यालयवाट कार्यालयका हेभी मेशिनरी औजार,उपकरण तथा आकस्मिक सेवा संचालनका लागि भएका लिखित तथा मौखिक प्रावधानहरु यसै विनियमावली वमोजिम भए गरेको मानिनेछ ।

ख. यस विनियमावलीका प्रावधानहरुलाई कार्यान्वयन गर्दा यस विनियमावली लागु हुनु भन्दा अघि नगर सभावाट स्वीकृत भएका कार्यक्रम र वजेटलाई सोही अनुरुप संचालन गर्न यस विनियमावलीले वाधा पुऱ्याएको मानिने छैन ।

ग. यस विनियमावलीका कुनै प्रावधानहरु प्रचलित कानुन एवं ऐन नियमावलीसँग वाभि्कएमा वाभि्कएको हद सम्म अमान्य हुनेछ ।